परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२७ •२०७९ साल माघ १८ बुधबार •(1 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## ईन्सपेक्टर यादवसहित ईलाकाको सबैको सबै प्रहरी जिल्ला तानिए, ३ निलम्बनमा

टक नेपाल, धनुषा । धनुषाको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका सबै प्रहरी जिल्ला तानिएका छन् । प्रहरी हिरासतबाटै थुनुवाहरु फरार भएपछि धनुषाका एसपी विश्व खडकाले ईलाका प्रहरीको सबै प्रहरीलाई जिल्ला तानिदिएका छन् । आईतबार राती ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट ६ जना थुनुवा फरार भएको थियो । सो प्रकरणमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका ईन्सपेक्टर बेचन यादवसहित सो ईलाकामा कार्यरत २५ जना प्रहरी कर्मचारीलाई नै तानिएको हो । ईन्सपेक्टरसहित सबै प्रहरी तानिएपछि हालको लागि प्रहरी नायव निरीक्षक (सई) मुक्तिनारायण चौधरीलाई



जिम्मेबारीमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । आइतबार राति करिब ३ बजेको समयमा हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका ६ जना थुनुवा फरार भएका थिए । जस मध्ये हातहतियार मुद्दाका अभियुक्त मिथिला नगर पालिका २ नक्टाझिज बस्ने रोशन महतोलाई प्रहरीले सोमबार साँझ पक्राउ गर्न सफल भएको छ । अन्य ५ थुनुवा अझै पनि फरार छन् । उनीहरुको खोजी कार्य तीव्र पारिएको छ ।

## जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट पाँच बिचौलिया पक्राउ

**टक नेपाल, महोत्तरी ।**

जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्रहरीले पाँच जना लेखनदासलाई पक्राउ गरेको छ । सेवाग्राहीहरूको काम आफै गरिदिने र बढी रकम माग गर्नेगरेका कारणले उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका ४ बस्ने नागेन्द्र पासवान, मटिहानी न.पा. २ बस्ने उदयशंकर यादव, जलेश्वर न.पा. २ बस्ने विनोद साह, विनोदकुमार महतो र रामगोपालपुर न.पा. ८ बस्ने विशम्भरप्रसाद साह रहेको जनाइएको छ ।



जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कृष्ण पङ्गेनीले सेवाग्राहीको काम कार्यालयमा आफै पुगेर गरिदिने, सेवाग्राहीसँग बढी रकम लिने लगायतका गुनासो आएपछि निगरानी राखेर उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

-बाँकी पृष्ठ २ मा

## महोत्तरीको पर्यटकीय पूर्वाधा विकासले गति लिँदै

**टक नेपाल, महोत्तरी ।**

बर्दिबास नगरवासी अहिले पर्यटकीय पूर्वाधार विकासको कामले गति लिन थालेपछि उत्साहित भएका छन् । मधेश प्रदेश सरकार र बर्दिबास नगर पालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले जिल्लाको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिन थालेको छ । मधेसकै प्रसिद्ध धार्मिकस्थल बर्दिबास-४ माइस्थानस्थित पञ्चधुरामाई मन्दिर परिसर र बर्दिबासकै रातु नदी पश्चिमको जग्गामा प्रदेश सरकार समेतको सहयोगमा रामजानकी ‘फनपार्क’ निर्माण हुने घोषणाले अहिले नगरवासी हौसिएका हुन् । ‘जिल्लाको समस्त चुरे पर्वत श्रेणी ओगटेको हाम्रो ठाउँमा प्राचीन धरोहर बेवारिसजस्तै छन्’, बर्दिबास-५ चेरुका भोगेन्द्रराज पौडेलले भन्नुभयो, ‘अहिले बर्दिबास नगरपालिका र प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका क्षेत्रमा पूर्वाधार विकासका काम अघि बढाइने घोषणा गरेपछि अब केही हुन्छ कि भन्ने आश जागेको छ ।’ नगरपालिकाले प्रसिद्ध धार्मिकस्थल पञ्चधुरामाई मन्दिरलाई पर्यटकीय गन्तव्य बनाउने घोषणासाथ काम अघि बढाएको छ । मन्दिर परिसरको तलाउको स्तरोन्नति तथा मन्दिर परिसरको सौन्दर्य वृद्धिका लागि निर्माणको आइतबा शिलान्यास समेत भएको छ । नगरपालिकाले मन्दिर परिसरको तलाउ व्यवस्थित गर्नेदेखि मनोरम वाटिका निर्माण गर्ने नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो । ‘हामी अति प्राचीन पञ्चधुरामाई मन्दिर




परिसरलाई सिङ्गो मधेस प्रदेशले नै गर्व गर्न सक्ने गरी काम अघि बढाउँछौँ’, उहाँ भन्नुहुन्छ, ‘यहाँ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित बनाउन मन्दिरको आठ कठ्ठा क्षेत्रफलमा सुन्दर वाटिका निर्माण गरिने छ ।’ नगरप्रमुख क्षेत्रीसँगै नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हीरालाल गौतमले अब पर्यटन प्रवर्द्धनका क्षेत्रमा योजनाबद्ध काम थालिने उल्लेख गर्नुभयो । नगरमा संस्कृतिको जगेर्ना र पर्यटकीय सम्भावनाको विकास गर्न नै नगर पालिकाले नगर क्षेत्रका संस्कृतिविद्, पर्यटन व्यवसायी र स्थानीय उद्यमीलाई सम्मिलित गरेर संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति गठन गरेको नगरप्रमुख क्षेत्रीको भनाइ छ । ‘अहिले रु ९० लाख विनियोजित छ, यसबाट तलाउ व्यवस्थापनमा रु ४० र वाटिका निर्माणमा रु ५० लाख खर्च गरिने छ’, नगरप्रमुख क्षेत्री भन्नुहुन्छ, ‘रकमकै अभावमा पञ्चधुरामाई मन्दिर परिसरको सौन्दर्य वृद्धिको योजना अलपत्र पर्न दिँदैनौँ ।’ यसका लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक थप सहयोग जुटाउन प्राथमिकता दिइएको समितिका अध्यक्ष गौतम बताउनुहुन्छ । पूर्वपश्चिम राजमार्गबाट उत्तरतर्फ करिब दुई किलोमिटर वन क्षेत्र छिचोलेर पुगिने पञ्चधुरामाई मन्दिर वन र लताकुञ्जभित्र अत्यन्त मनोरम छ । मन्दिर परिसरकै तलाउमा एक दशक अघिसम्म जस्तोसुकै प्रचण्ड गर्मीमा पनि पानी सुक्दैनथ्यो र सदावहार कमल ढकमक्क फुलेको देखिन्थ्यो । तर पछिल्ला केही वर्षयता वन विनास र अन्य प्राकृतिक प्रकोप तथा व्यवस्थापकीय बेवास्ताले तलाउ हिउँदमै सुकेर खण्डहरझैं बन्ने गरेको माइस्थान बस्तीका रामजी पौडेल बताउनुहुन्छ । आदिकालकै यो मन्दिर परिसरको सौन्दर्य वृद्धिको काम घोषणा गरिएअनुरुप बढे मधेसको मात्र नभएर छिमेकी मुलुक भारतका पर्यटकका लागि पनि प्रमुख गन्तव्य हुने बर्दिबासवासी बताउँछन् । पञ्चधुरा मन्दिर परिसरसँगै यसै पालि रातु पुलवारि पूर्वपश्चिम राजमार्गबाट दक्षिणतर्फ रामजानकी ‘फनपार्क’ निर्माण हुने नगरप्रमुख क्षेत्रीको भनाइ छ ।

-बाँकी पृष्ठ २ मा



# भागबण्डामा जुट्न सकेन सहमति, मधेसमा बढ्यो सत्ता गठबन्धन टुट्ने सम्भावना

**टक नेपाल, जनकपुरधाम।**
मधेस प्रदेश सरकारको सत्ता साझेदार दलहरुबीच मन्त्रालय भागबण्डाको विषयमा सहमति जुट्न नसक्दा सत्ता गठबन्धन टुट्ने सम्भावना देखिएको छ । मन्त्रिमण्डलले पूर्णता पाउने गरी मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरिए पनि सत्ता साझेदार दलहरुबीच आपसमा सहमति जुट्न नसकेको हो । मधेस सरकारमा जनता समाजवादी पार्टी, नेकपा एमाले, जनमत पार्टी र माओवादी केन्द्रले सत्ता साझेदारी गरेका छन् । मुख्यमन्त्री सरोजकुमार यादवले शपथ ग्रहण गरेको तीन साता पुग्नलाग्दासमेत सरकारले अहिलेसम्म पूर्णता पाउन सकेको छैन। सत्ता साझेदार दलहरुबीच मन्त्रालयको भागबण्डामा औपचारिक सहमति हुन नसक्दा सरकारले पूर्णता पाउन नसकेको हो । कसले कुन मन्त्रालय पाउने विषयमा सहमति हुन नसक्दा मुख्यमन्त्री सरोजकुमार यादवलाई सरकार विस्तार गर्न समस्या भएको हो। एउटै मन्त्रालयमा जसपा र जनमत पार्टी दुवैले दाबी गरेपछि मुख्यमन्त्री यादवलाई मन्त्रिपरिषद् विस्तार गर्न कठिनाइ परेको देखिएको छ। जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले आफूहरूले सुरुदेखि नै सामाजिक विकास मन्त्रालय मागे पनि यसमा सहमति जुट्न नसकेको बताए। उनले भने, 'सत्तारुढ दलहरुबीच माघ १९ गते भएको सहमति अनुरूप जनमतलाई सामाजिक विकास मन्त्रालय दिने सहमति भए पनि माघ १३ गते हामीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइयो। सामाजिक विकासमा हाम्रो अडान अझै कायम छ। हामी पछाडि हट्दैनौं।' उनले जनमतले तत्कालका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्वीकार गरेको बताए। यता, जनमत र जसपाबीच सहमति जुट्न नसक्दा नेकपा माओवादी केन्द्रले पनि आफ्नो छुट्टै अडान पेस गरेको छ। मुख्यमन्त्री यादवले माओवादीलाई एक मन्त्री र एक राज्यमन्त्री मात्रै दिने बताइरहँदा माओवादी मधेस प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले आफूहरूले दुई वटा मन्त्रालय पाउनुपर्ने अडान राखेका छन्। उनले मुख्यमन्त्री यादवले एउटा मन्त्री र एउटा राज्यमन्त्री मात्रै दिने भनेपछि आफूहरुबीच सहमति जुट्न नसकेको बताए। माओवादीलाई एउटा विकासे र एउटा प्रशासनिक मन्त्रालय नदिए सरकारलाई बाहिरैबाट समर्थन गर्ने साहले बताए । मधेस प्रदेशमा माओवादी केन्द्रका ९ जना प्रदेशसभा सदस्य छन्। यता, जसपा भित्र पनि मन्त्रालय भागबण्डामा आन्तरिक विवाद छ । महोत्तरीबाट स्वतन्त्र निर्वाचित सुरिता साह भौतिक पूर्वाधार अथवा सामाजिक विकास मन्त्रालय पाउने सर्तमा जसपा प्रवेश गरे पनि अहिले विवाद बढेको छ। ४ माघमा बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्री यादवलाई १०२ जना प्रदेशसभा सदस्यले विश्वासको मत पनि दिए। मुख्यमन्त्री नियुक्त भएको नवौं दिनमा उनले विश्वासको मत पाएका थिए। यादवले प्रदेश सभाको दोस्रो ठूलो दल नेपाली कांग्रेसको पनि विश्वासको मत प्राप्त गरेका थिए । १० दलमध्ये ७ दल र दुई स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त हुँदा यादवलाई नेपाली कांग्रेस, लोसपा र नेकपा एकीकृत समाजवादी पार्टीले समर्थन गरेको थिएन । पछि लोसपाका ९ जना प्रदेशसभा सदस्यले पनि समर्थन दिँदा उनले ७२ सांसदको समर्थन पाएका थिए। मन्त्रिपरिषद् विस्तारको गृहकार्यमा जुटेका सत्ता साझेदार दलबीच अहिलेसम्म कुन पार्टीले कुन मन्त्रालय पाउनेमै स्पष्ट सहमति जुट्न नसक्दा पूर्णता दिन नसकिएको दलहरूले बताइरहेका छन् । मुख्यमन्त्री यादवले तत्काल सरकार विस्तार गर्ने बताए पनि गठबन्धनमा कुरा नमिल्दा सरकार विस्तारको काम पर धकेलिएको हो। उनले विश्वासको मत पाएपछि मन्त्रिपरिषद् विस्तार हुने अनुमान गरिए पनि अहिलेसम्म विस्तार हुन सकेको छैन। मुख्यमन्त्री यादवले ४ माघमा नै सभामुख र उपसभामुखको शपथ ग्रहण कार्यक्रममा आगामी दुई/ तीन दिनभित्रमा मन्त्रिपरिषद् विस्तार गर्ने बताएका थिए। सञ्चारकर्मीको प्रश्नमा उनले आफूले विश्वासको मत लिएपछि आगामी दुई/तीन दिनमा मन्त्रिपरिषद् अविस्तार गर्ने बताएका थिए ।

पत्रिका मागेर होईन,
किनेर पढ्ने बानी बसालौं ।
-टक नेपाल राष्ट्रिय दैनिक

# समावेशी र लोकतान्त्रिक सूचना.............

चुनौतीपूर्ण परिस्थितिमा गठन भएको आफ्नो नेतृत्वको वर्तमान सरकार सामाजिक न्याय, सुशासन र समृद्धिका तीन प्राथमिकता निर्धारण गरी अगाडि बढिरहेको स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा एवं प्रगतिशील कार्यान्वयन, चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्रको सुधार एवं जनसेवा र जनजीविकाका क्षेत्रमा प्रभावकारी कार्यसम्पादन वर्तमान सरकारको प्रमुख कार्यभार रहेको छ।' सरकारको सो कार्यभारलाई गम्भीरतापूर्वक ग्रहण गर्न, आम श्रोता र दर्शकसम्म व्यवस्थित रूपमा सम्प्रेषण गर्न उहाँले नेपाल टेलिभिजनको ध्यान आकृष्ट गर्नुभयो। प्रधानमन्त्रीले नेपालको सबैभन्दा जेठो टेलिभिजन नेपाल टेलिभिजनको ३८औँ वार्षिकोत्सवको उपलक्ष्यमा टेलिभिजन परिवारका साथै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण श्रोता एवं दर्शक महानुभावहरू, विज्ञापनदाता, परामर्शदाता एवं आम जनसमुदायमा आभार प्रकट गर्नुभयो। अठ्तीस वर्षअघि २०४२ सालमा आजकै दिन स्थापित नेपाल टेलिभिजनले आफ्नो प्रसारणका विभिन्न आरोह-अवरोह पार गर्दै देशको सबैभन्दा अग्रणी टेलिभिजनका रूपमा स्थापित भएको छ । प्रधानमन्त्रीले नेपाल टेलिभिजन नेपाल सरकार र नेपाली जनताको आधिकारिक सूचना र समाचार सम्प्रेषण गर्ने सञ्चारमाध्यम भएकाले राज्यप्रतिको जिम्मेवारी र नागरिकप्रतिको जवाफ देहितामा आफूलाई अविचलित रूपमा प्रमाणित गरेको उल्लेख गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, 'राजनीतिक प्रणाली र राज्यको चरित्रमा आएको परिवर्तनअनुरूप टेलिभिजनले पनि आफूलाई परिमार्जन र रूपान्तरण गर्दै अगाडि बढेको तथ्यले टेलिभिजनको भूमिका र महत्वलाई थप प्रमाणित गर्दछ ।' यस वर्षदेखि विभिन्न सात भाषामा समाचार प्रसारणको आरम्भ हुनु थप महत्वपूर्ण रहेको भन्दै प्रधानमन्त्रीले टेलिभिजनले आम नागरिक र दर्शकको अपेक्षाअनुसार थप जिम्मेवार र व्यावसायिक बन्नुपर्ने चुनौती रहेको बताउनुभयो । सो चुनौतीलाई अवसरमा बदल्न आफ्नो सम्पूर्ण ज्ञान, बुद्धि र विवेक संस्थाको हितमा खर्चिन पनि प्रधानमन्त्रीले टेलिभिजनलाई आग्रह गर्नुभयो । प्रादेशिक च्यानल विस्तारको कार्यलाई टेलिभिजनले थप उचाइका साथ आवश्यकता र प्राथमिकताका आधारमा निरन्तरता दिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले भन्नुभयो, 'काठमाडौँबाट प्रसारण हुने टेलिभिजनले सबै वर्ग, जाति, लिङ्ग, क्षेत्र र समुदायको इतिहास, भाषा, संस्कृति र आवाज मुखरित गरेको छ । यसरी हेर्दा देशका सबै वर्ग र समुदायले नेपाल टेलिभिजनभित्र आफ्नो अनुहार देख्न सक्छन्, अपनत्वभावको अनुभूति गर्न सक्छन् भन्ने तथ्य स्थापित भएको छ।' नेपाली भाषा, कला, संस्कृति र पहिचान विश्वव्यापी रूपमा स्थापित गर्न सफल भएकामा प्रधानमन्त्रीले नेपाल टेलिभिजनलाई आभार व्यक्त गर्नुभयो। उहाँले टेलिभिजनले आगामी दिनमा व्यावसायिक दक्षतामा अभिवृद्धि गर्दै थप अत्याधुनिक, द्रूत र व्यवस्थित सेवा प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा नेपाल टेलिभिजनका अध्यक्ष समीरजङ्ग शाहले सूचना र सञ्चार क्षेत्रमा भएको परिवर्तनलाई आत्मसात् गर्दै संस्थाले व्यावसायिक दक्षता र सीपको विकासमा जोड दिइएको बताउनुभयो । महाप्रबन्धक फुलमान बलले प्रधानमन्त्रीको चाहनाअनुसार नै नेपाल टेलिभिजनले विभिन्न भाषाभाषीमा समाचार प्रसारण सुरु गरेको जानकारी दिनुभयो ।

# जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट........................

सेवाग्राहीको बढी भिडभाड हुने प्रशासन कार्यालय, मालपोत तथा भूमिसुधार कार्यालय, अदालत लगायतका कार्यालयमा लेखनदासहरू अदालतबाट प्रमाणपत्र पाएर कामकाज गरे पनि उनीहरू अतिरिक्त रकमको लोभमा नियम विपरितका कामहरू गराउँदा गुनासोहरू बढेको देखिएको छ । सेवादाता र सेवाग्राहीबीच पुलको काम गरिदिने लेखनदासको काम भए पनि तोकिएभन्दा बढी रकम लिएर बिचौलियाको काम गरिदिने गरेको कारणले पटक पटक सेवादाता कार्यालयले बिचौलिया निषेधित क्षेत्र भनेर कार्यालयमा निषधित गर्दैआएको छ। सार्वजनिक सेवा प्रवाहलाई सरल बनाउने क्रममा लेखनदास जिम्मेवार निकायले तोकिदिएका शुल्कभन्दा बढी रकम लिने गरेकाले सेवाग्राहीहरू उजुरी गरेपछि उनीहरूलाई पक्राउ गरिएको हो । जिल्ला प्रशासन कार्यालय महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले प्रहरी टोलीले पक्राउ गरेको जानकारी दिनुभयो । नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन महोत्तरीका सचिव अर्पणकुमार कर्णले सेवा प्रदायक र सेवाग्राहीबीच पुलको काम गर्ने लेखनदासलाई के कति कारणले पक्राउ गरिएको हो, बुझ्न नसकेको जानकारी दिनुभयो ।

# महोत्तरीको पर्यटकीय..............................

नगरपालिकाले ३० बिघा जग्गा व्यवस्था गरेर बनाइने यो रामजानकी 'फनपार्क' का लागि मधेस प्रदेश सरकारले नगरलाई रु दुई करोड १५ लाख उपलब्ध गराइसकेको क्षेत्रीले जानकारी दिनुभयो। मिथिलापुत्रीमात्र नभएर राष्ट्रकै विभूति सीता (जानकी) र हिन्दू परम्परामा मर्यादा पुरुषोत्तम मानिने श्रीरामका नाममा निर्माण हुने यो पार्कका लागि थप सहयोग जुटिरहेको बर्दिबास नगरपालिकाले जनाएको छ । अहिले तत्काल सुरु गरिन लागेका यी दुवै योजना नगरको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण हुने नगरप्रमुख क्षेत्री बताउनुहुन्छ । पूर्वपश्चिम सरदर १८ र उत्तरदक्षिण ३० किलोमिटर दूरीभित्रको बर्दिबास नगर क्षेत्र महोत्तरीको चुरे पर्वत श्रेणी छुने एकमात्र स्थानीय तह हो। यहाँ पञ्चधुरामाई मन्दिरका अतिरिक्त आदिकालदेखिका धार्मिकस्थल टुटेश्वरनाथ र राईमण्डल धार्मिक क्षेत्र छन्। टुटेश्वरनाथ शिवलिङ्गको ख्याति मधेस र सीमावर्ती भारतका आठ-दश जिल्लामा छ। महाशिवरात्रि र साउने मेलामा यहाँ लाखौँ भक्तजन दर्शनका लागि आउने गरेका छन् । त्यसैगरी आदिकालमा स्वर्गका राजा इन्द्रले तपस्या गरेर इन्द्रेश्वर महादेवको शिवलिङ्ग स्थापना गरेको मानिने राईमण्डल धार्मिक क्षेत्र छ। यी धार्मिकस्थलबाहेक कालापानीस्थित लक्ष्मीनारायण मन्दिर, कामेश्वर मन्दिर, बर्दिबास रङ्गशाला, कालापानी वनवाटिका, कारेभोगटे 'पिकनिकस्पट' (वनभोजस्थल) र गत वर्षमात्रै बनेको रातु नदी किनारको मित्रपार्क पर्यटकीय सम्भावनाका ठाउँ मानिन्छन् । यी ठाउँको विकासमा आवश्यक पूर्वाधार थप्दै लान सकिए बर्दिबास सुन्दर र रोजाइको पर्यटकीय गन्तव्यका रूपमा विकसित हुने बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काले बताउनुभयो।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज साथीभाइबाट बढी फाइदा लिने समय छ। | तुला | आज मानसिक चिन्तन बढ्ने र केही तनाव बढेको महसुस हुनेछ, तर नजिकका व्यक्तिबाट कार्यमा साथ र सहयोग बढ्न सक्छ। |
| बृष | आज आकस्मिक नयाँ कार्यको योजना बन्नेछ। | वृश्चिक | आज विद्या र बुद्धिको विकास हुनेछ। |
| मिथुन | आज आफ्नो विद्या प्राप्तिको लागि संघर्ष गर्नु पर्ला। | धनु | आज मनपर्ने खानाको परिकार खान पाइनेछ। |
| कर्कट | आज व्यापार र व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। | मकर | आज पारिवारिक जमघटमा सहभागी भइएला। |
| सिंह | आजको परीक्षा सामान्य नै समय छ। | कुम्भ | आज सन्तान पक्षको मायामा कमी आउनसक्छ। |
| कन्या | आज घरपरिवारसँग रमाइलो तरिकाले समय बित्नेछ । | मीन | आज शुभकार्यको चर्चा चल्नेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# अपारदर्शिताको अभ्यास

पारदर्शिताबेगर लोकतन्त्र कठ्याङ्ग्रिन्छ । हामीले लोकतन्त्र स्वीकार गरेको कारण पारदर्शिता हो । लोकतन्त्रमा नागरिकको प्रत्यक्ष मतबाट छानिएका प्रतिनिधि सरकारमा पुग्छन्। यस्तो सरकारको कर्तव्य आफूले गरेका प्रत्येक कामबारे नागरिकलाई सूचना दिनुमा हुन्छ। यस्तो सूचनालाई प्रेसले माध्यम बनेर सरकार र नागरिकबीच सेतुको काम गरिरहेको हुन्छ। अझ प्रेसले यस्ता सूचनाको विश्लेषण गरेर नागरिकलाई जान्ने बनाउँछन्। जुन समाजमा नागरिक जान्ने हुन्छन्, त्यो समाजमा लोकतन्त्र फस्टाउँछ। जानकार नागरिकले सरकार र सरोकारवाला निकायलाई प्रश्न गर्छन्। यस अर्थमा हामीले अपनाएको प्रणाली नै प्रश्नमा आधारित छ। प्रश्न गर्न सूचना चाहिन्छ। जानकारी नभएका नागरिकले प्रश्न गर्न सक्दैनन्। सरकारका मुख्य सचिव शंकरदास वैरागीको नेतृत्वमा सूचना प्रवाह भन्दा त्यसलाई खुम्च्याउने गरी कार्यविधि तयार भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा पुस १० गते सरकार बनेको दुई दिनपछि यो कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आइसकेको तथ्य सार्वजनिक भएको छ। शेरबहादुर देउवाको ठाउँमा नयाँ सरकार बनेको संक्रमणकालीन समयमा हतारसाथ यो कार्यविधि किन अघि सारियो होला ? यसले प्रश्न खडा गरेको छ। एक, सरकारमा जोसुकै पुगे पनि सूचना लुकाउन उद्यत हुन्छन्। दुई, कर्मचारीतन्त्रले बदलिएको मुलुकको परिस्थिति र संविधानको भावना भन्दा विगतको पञ्चायती एकतन्त्रीय शासनमा जस्तै सूचना लुकाएर उन्मुक्ति चाहनेलाई मद्दत गर्छ। यस अर्थमा सरकारका मुख्य सचिव शंकरदास वैरागी पनि पारदर्शिता अपनाउन नचाहने उच्च कर्मचारी रहेछन् भन्ने स्थापित भएको छ। भलै उनले छलफलका क्रममा यसको बचाउ गरेका छन्। मुलुकको शासनमा पारदर्शिता नचाहने राजनीतिक व्यक्ति र उच्च कर्मचारीयन्त्रलाई राम्ररी चिन्नु अहिलेको आवश्यकता हो। ८७ प्रकारका नीतिगत विषयलाई गोप्य राख्ने गरी मुख्य सचिव वैरागीको समितिले निर्णय गरेलगत्तै विरोध सुरु भएको छ। यो विरोधलाई ध्यानमा राख्दै प्रधानमन्त्री दाहालले समस्या समाधान गर्ने आश्वासन दिएका छन्। उनले आइतबार ट्विटमार्फत् भनेका छन्- 'सूचना वर्गीकरणसम्बन्धी समितिले गरेको निर्णयबारे विभिन्न निकायबाट व्यक्त चासोबारे नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। भोलि सोमबार सरोकारवाला पक्षसँग छलफल गरी समस्या समाधानबारे आवश्यक निर्णय लिइनेछ।' दाहालको यही प्रतिबद्धताअनुसार सोमबार सरोकारवालासँग छलफल समेत भएको छ। दाहालको यो प्रयास प्रशंसनीय छ। कम्तीमा कर्मचारीतन्त्रले गरेको अपारदर्शी अभ्यासको गम्भीरतालाई बुझेर उनले बेलैमाथि रोक लगाउन खोजेका छन्। उनले ट्विटमार्फत यसबारे जानकारी गराएका हुनाले पनि गम्भीर बनेकामा आश्वस्त हुन सकिन्छ। छलफल भएपछि तत्काल समितिले गरेको सूचना वर्गीकरणलाई स्थगन गरिएको छ। यो प्रस्तावलाई 'नयाँ शिराबाट छलफल गरी अगाडि बढाउने समझदारी' भएको हो।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# समावेशी र लोकतान्त्रिक सूचना........................

लालबन्दी नगरपालिका- १ मा रू सात करोड खर्चेर परिषद्ले जग्गा खरिद गरेको छ। नन्देश्वर महादेव सामुदायिक वन क्षेत्र नजिकै खरिद गरिएको करिब १० बिघा जमिन अहिले चरन क्षेत्रमा परिणत भएको छ । 'कार्यालय र भेनम उत्पादनका लागि चाहिने जग्गा र संरचना बनाउनुपर्ने भएकाले करिब १० बिघा जमिनसहित १० कट्ठा ऐलानी जग्गा लिएका छौँ', अध्यक्ष पन्तले भन्नुभयो, 'जग्गामा कम्पाउन्ड वाल निर्माणका लागि पिल्लर ठड्याइए पनि त्यो अपूरो छ ।' कुल २२ वटा भवन बनाउने योजना भए पनि चार वटा भवन निर्माण गर्न रू ३४ करोडमा ठेक्का लगाइएको छ तर भवनको जगसमेत खनिएको छैन। शर्मा एन्ड धुलिखेल जेभीले निर्माणको ठेक्का पाएको थियो। 'कम्पाउन्ड वाल निर्माण तथा अन्य काममा रू छ करोड खर्च भएको भन्दै भुक्तानीका लागि बिल आएको थियो तर सन्तोषजनक काम नदेखिएपछि हामीले रोकेका छौँ', उहाँले भन्नुभयो । परिषद्ले अस्पताल, प्रयोगशाला, प्रशासनिक भवन र सर्प पाल्न भवन निर्माणको लक्ष्य राखेको छ। एन्टिभेनम उत्पादन, परीक्षण र अध्ययन गर्ने केन्द्र यही क्षेत्रभित्र बनाउने भनिएको छ। तर, बजेट अभावले काम अघि बढ्न नसकेको उहाँको भनाइ छ । प्रतिष्ठानको गुरुयोजनामा साढे तीन अर्बको लागतमा नेपालमै एन्टिभेनम उत्पादन सम्भव हुने उल्लेख छ। केपी शर्मा ओली नेतृत्वको सरकारले रु ७२ करोड दिने घोषणा हुँदा केन्द्र सरकारले ४० प्रतिशत र प्रदेश सरकारले ६० प्रतिशत बजेट बेहोर्ने भनिएको थियो। आर्थिक वर्ष २०७६/७७ मा केन्द्रले रू छ करोड बजेट पठाएको थियो। प्रदेश सरकारले उक्त रकममा ६० प्रतिशत थप गरेर पठाइदिनुपर्नेमा हालसम्म प्राप्त भएको छैन । स्थानीय सरकारले समेत वार्षिक रू एक करोड दिने सम्झौता भए पनि लालबन्दी नगरपालिकाले सम्झौता अनुसारको रू पाँच करोड भुक्तानी भएको छैन । परिषद्मा हाल चार जना कर्मचारी छन्। उनीहरुको तलबमा मासिक रू डेढ लाख खर्च हुन्छ। कार्यालयको भाडा मासिक रू ५० हजार छ। नेपालमा सर्पको टोकाइबाट वार्षिक तीन हजार मानिसको मृत्यु हुने गरेको तथ्याङ्क छ। परिषद्का कार्यक्रम संयोजक उमेश बराल भने अब आफूहरु सर्प पाल्नका लागि दुई वटा विकल्पमा जाने बताउनुभयो । भवन निर्माण गरी सर्प उत्पादन गर्ने र जङ्गलबाट सर्प ल्याएर क्वारेन्टिनमा राखी विष निकाल्ने विकल्पबारे योजना बनाइएको उहाँको भनाइ छ। 'विभिन्न प्रजातिका सर्प ल्याएर यहीँ उत्पादन योजना छ । यसका लागि एक सयभन्दा बढी सर्प आवश्यक पर्छ', उहाँले भन्नुभयो, 'उच्च सुरक्षा सहितको भवन बनाएर बाहिरकै तापक्रममा राखेर विष निकालन सकिन्छ ।' बाहिरबाट ल्याइएका सर्पलाई केही दिन क्वारेन्टिनमा राखी स्वास्थ्य परीक्षण गरेपश्चात् विष निकालेर पुनः प्राकृतिक अवस्थामा छाड्न सकिने उहाँको भनाइ छ ।' सर्प पालनका लागि धेरै प्राविधिक काम गर्नुपर्ने भएकाले चुनौती छ', उहाँले भन्नुभयो, 'तर अहिले नै नेपालमै एन्टिभेनम उत्पादन सम्भव छैन । हामीसँग ल्याव पनि छैन ।' उहाँका अनुसार पहिलो चरणमा विष निकालेर भारतको सेरम इन्स्टिच्युटमा परीक्षण गराइ एएसभी बनाउने योजना छ। त्यसका लागि घोडा पाल्नु पर्दैन । सर्पबाट विष निकालेपछि निश्चित मात्रा घोडालाई दिइन्छ। विष निष्क्रिय पार्ने क्रममा घोडाले एन्टिबडी निकाल्छ र त्यही एन्टिबडी रगतबाट सङ्कलन गरिन्छ। त्यसरी सङ्कलित रगतलाई प्रशोधन गरेर एएसभी बनाइने बरालको भनाइ छ। साथै दोस्रो चरणमा भेन प्रयोगशाला निर्माण गर्ने र घोडापालन गर्न सकिने उहाँको भनाइ छ । विज्ञकै परामर्शमा सर्पपाल्नका लागि चाहिने भूगोल र वातावरण सुहाउँदो जग्गा खरिद गर्ने अध्यक्ष पन्तको भनाइ छ। उहाँका अनुसार सर्लाही, झापा, महोत्तरी, चितवन, नवलपरासी, बाँकेलगायतका जिल्ला वातावरणीय हिसाबले सर्पपालन उपयुक्त स्थान मानिन्छन् । नेपालमा भेनम उत्पादन गर्ने सवालमा स्पष्ट नीति नभएको उहाँको छ । भारत सरकारले सन् २०१२ देखि एएसभी निर्यातमा रोक लगाए पनि विश्व स्वास्थ्य संगठनको विशेष पहलमा नेपाल ल्याउने गरिएको छ। 'भारतले आन्तरिक माग धान्न सकिरहेको छैन तर नेपाललाई सहयोग भने गर्ने प्रतिबद्धता जनाएको छ', उहाँले भन्नुभयो, 'अहिले प्रविधिमा भारतीय कम्पनीले सहयोग गर्ने र दोस्रो चरणमा कच्चापदार्थ पठाउने समझदारी भएको छ ।' भारतमा हैदराबादको भिन्स बायो प्रोडक्ट्स लिमिटेड, महाराष्ट्रको भारत सेरम्स एन्ड भ्याक्सिन्स लिमिटेड, मुम्बईको हाफ्किन इन्स्टिच्युट, पुणेको सेरम इन्स्टिच्युट अफ इन्डिया प्राइभेट लिमिटेड, प्रिमियम सेरम एन्ड भ्याक्सिन्स प्राइभेट लिमिटेडलगायत दर्जनभन्दा बढी कम्पनीले एएसभी उत्पादन गर्दै आएका छन्। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा वार्षिक रूपमा ५० हजारभन्दा बढी भाइल एएसभी आयात हुने गरेको छ। तराईका २३ जिल्लामा वार्षिक सर्पदंशका ३७ हजार छ सय ६१ वटा घटना हुने गरेको युनिभर्सिटी अफ जेनेभा, बीपी प्रतिष्ठान, विश्व स्वास्थ्य सङ्गठनका छ जना चिकित्सकले गरेको एक वर्ष लामो अध्ययनबाट पुष्टि भएको छ। ल्यान्सेट जर्नलमा प्रकाशित 'स्नेकबाइट इपिडिमियोलोजी इन ह्युमन एन्ड डमेस्टिक एनिमल्स एक्रस द तराई रिजन इन नेपाल :अ मिल्टक्लस्टर रेन्डम सर्भे' शीर्षकमा प्रकाशित आलेखले हरेक वर्ष सर्पदंशका २६ हजार सात सय ४९ देखि ३७ हजार छ सय ६१ घटना हुने गरेको उल्लेख गरेको छ। ती घटनामा दुई हजार तीन सय ८६ देखि तीन हजार दुई सय २५ जनाको मृत्यु हुने गरेको छ। विश्व स्वास्थ्य सङ्गठनले यसअघि नेपालमा बर्सेनि २० हजार वटा सर्पदंशका घटना हुने र तीमध्ये एक हजार जनाको मृत्यु हुने उल्लेख गरेको थियो। तराईका २३ जिल्लाका दुई सय ४९ गाउँका १३ हजार आठ सय ७९ वटा घरमा एक वर्ष लगाएर गरिएको सर्वेक्षणबाट उक्त तथ्य निकालिएको थियो। सर्पदंश घटनामध्ये ४८ दशमलव आठ प्रतिशतलाई विषालु सर्पले टोकेको पाइएको थियो। तीमध्ये सात दशमलव आठ प्रतिशत मानिसको मृत्यु भएको अनुसन्धानमा उल्लेख छ। अनुसन्धानले तराईका हरेक एक लाख मानिसमा दुई सय ५१ जनालाई सर्पले टोक्ने गरेको देखाएको छ। तीमध्ये २२ जनाको मृत्यु हुने गरेको छ। सर्पदंशका कारण मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका छन् । जसमा ६४ प्रतिशत महिला मात्र छन्। पूर्वी नेपाल र मध्यमाञ्चलमा मृत्युदर बढी पाइएको थियो। यसअघि सन् २००४ मा पूर्वी नेपालमा गरिएको अनुसन्धानले सर्पदंशका कारण ८० प्रतिशत मानिसको अस्पताल पुऱ्याउनु अघि नै ज्यान जाने गरेको देखाएको थियो। विश्वमा हरेक वर्ष २० लाखभन्दा बढी सर्पदंशका घटना हुने गर्छन् । तीमध्ये ८१ हजारदेखि एक लाख ३८ हजार मानिसले ज्यान गुमाउने गरेका छन्। नेपालमा हाल ८४ प्रजातिका सर्प पाइन्छन्। तीमध्ये करिब २१ प्रजाति विषालु छन् । विषालुमध्ये गोमन, करेत, रुसेल्स भाइपर, किङ कोब्रा र कोरल स्नेक (कर्कट नाग) सबैभन्दा धेरै विषालु हुन्।



# समावेशी र लोकतान्त्रिक सूचना तथा सञ्चार नीति जारी हुन्छ : प्रधानमन्त्री

**टक नेपाल, काठमाडौं ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आमसञ्चारमाध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा र समुदायको पहुँच बढाउने गरी समावेशी लोकतान्त्रिक सूचना तथा सञ्चार नीति जारी गर्ने बताउनुभएको छ । नेपाल टेलिभिजनको ३८औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले सूचना प्रविधिको विकास र विस्तारलाई केन्द्रमा राख्न सके राष्ट्रको कार्यभार पूरा गर्न सकिने बताउनुभयो । उहाँले यस कार्यको नेतृत्वकारी भूमिका सरकारी सञ्चारमाध्यमले नै खेल्न सक्ने विश्वास व्यक्त गर्नुभयो । वर्तमान सरकार विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक एवं प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेन्टी गर्ने गरी आवश्यक संरचना र पूर्वाधार निर्माणका साथै कानूनी र व्यावहारिक सुनिश्चितता गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ छ । उहाँले सञ्चारमाध्यम र सञ्चारकर्मीको प्रवर्द्धन र हितका निम्ति सञ्चार माध्यमको व्यावसायिक र संस्थागत विकासका लागि सरकारले मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगसरह मान्यता प्रदान गरी संरक्षण र संवर्द्धन गर्ने सरकारको नीति रहेको बताउनुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई संस्थागत गर्दै जनताको जीवनस्तर उठाउन सहयोगी माध्यमका रूपमा सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने नीति अगाडि सारिएको प्रधानमन्त्रीको भनाइ छ । आजको युग विज्ञान प्रविधिको युग भएको उल्लेख गर्दै प्रधानमन्त्रीले यस युगलाई हामीले 'डिजिटल इरा'का रूपमा संश्लेषण गर्न सकिने धारणा राख्नुभयो । प्रधानमन्त्रीले चौथो औद्योगिक क्रान्तिले सम्पूर्ण विश्व एवं मानव जातिको चिन्तन, जीवन र क्रियाकलापमा गुणात्मक बदलाव ल्याइदिएको उल्लेख गर्दै भन्नुभयो, 'विश्वमा यस्तो कुनै क्षेत्र, विषय र मुद्दा छैन, जुन सूचना-प्रविधिको पहुँचभन्दा पृथक होस् । डिजिटल प्रविधिको विकासले सामाजिक उत्पादन पद्धतिमा नै गुणात्मक परिवर्तन ल्याइदिएको छ ।' सञ्चारकर्मीको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवं उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ छ । पत्रकार र सबै प्रकारका सञ्चार माध्यमको पेसागत तथा भौतिक सुरक्षाको प्रत्याभूति गर्दै सम्पूर्ण पत्रकारको स्वास्थ्य, दुर्घटना तथा हूलदङ्गा वा आतङ्कको बीमाको व्यवस्था गर्ने प्रधानमन्त्रीको भनाइ छ । श्रमजीवी पत्रकारका लागि निर्मित कानुनको प्रभावकारी कार्यान्वयन गर्दै सूचनाको हक प्रदान गर्ने कुरा राज्यको दायित्वका रूपमा स्थापित गर्ने एवम् त्यसका निम्ति सञ्चार माध्यम र सञ्चार क्षेत्रमा क्रियाशील सबैलाई सकारात्मक र रचनात्मक सहयोग गर्न प्रधानमन्त्रीले आग्रह गर्नुभयो ।




-बाँकी पृष्ठ २ मा

# समावेशी र लोकतान्त्रिक सूचना तथा सञ्चार नीति जारी हुन्छ : प्रधानमन्त्री

**शक्तर पहाडी, सर्लाही ।**

सर्लाहीको लालबन्दी नगरपालिका-१मा सर्पपालनका लागि खरिद गरिएको करिब १० बिघा जमिन यतिबेला चरन क्षेत्र बनेको छ । सर्पपालनका लागि झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले खरिद गरेको जमित यतिबेला उपयोगबिहीन बन्न पुगेको छ । नेकपा (एमाले)का तत्कालीन अध्यक्ष झलनाथ खनालले २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा सर्लाही क्षेत्र नं १ बाट चुनाव लड्दा चुनावी प्रचारका क्रममा यहाँ सर्पपालनको प्रतिबद्धता जनाउनुभएको थियो । लालबन्दी नगरपालिका-१७ स्थित रानीगञ्जमा सर्पदंशबाट एक बालकको मृत्यु एपछि खनालले सोही समयमा प्रतिष्ठान स्थापना गर्ने घोषणा गर्नुभएको थियो । सर्पको टोकाइबाट घाइते बालकले समयमै भ्याक्सिन नपाउँदा मृत्यु भएको थियो । त्यसैले नेपालमै पहिलो पटक एन्टिस्नेक भेनम (एएसभी) उत्पादन गर्न पहल सुरु गर्नका लागि प्रतिष्ठान स्थापना गरी सर्पपालन सुरु गर्ने घोषणा गरिएको थियो । एन्टिस्नेक भेनम उत्पादन आफैँमा महत्वपूर्ण भए पनि आफ्नै नाममा प्रतिष्ठान स्थापना गरेका भन्दै खनालको आलोचना पनि भयो । त्यसपछिका प्रतिष्ठानका काम पनि विवादमा तानिन थालेपछि करिब रू १९ करोड खर्च हुँदा पनि यसले मूर्तरुप लिन सकेको छैन । यति ठूलो रकम खर्च भइसक्दा पनि सर्पपालन कहिलेदेखि सुरु हुन्छ भन्ने यकिन छैन । विवाद बढ्दै गएपछि गत साउनमा संस्थाको नाम परिवर्तन गरी राष्ट्रिय स्वास्थ्य विज्ञान एवं अनुसन्धान परिषद् बनाइएको परिषद्का अध्यक्ष रेवती पन्तले बताउनुभयो । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको समयमा प्रतिष्ठानलाई रू ७२ करोड दिने सम्झौता भएको थियो । त्यसपछि सबै रकम नेता खनालले लिए जस्तो गरी प्रचार प्रसार भएको थियो ।ँ यथार्थ के हो भन्ने विषयमा धेरै मानिस प्रवेश नै गरेनन्, राम्रो कामका लागि खोलिएका संस्था भए पनि बदनामी धेरै भयो', अध्यक्ष पन्तले भन्नुभयो, 'अफवाह फैलिएपछि संस्थाको नाम परिवर्तन गर्नुपर्‍यो ।' व्यक्तिका नाममा संस्था खोलिएपछि सर्वसाधारणको विरोधसँगै गर्न दातृ निकायले पनि नरुचाएको उहाँको भनाइ छ । उहाँका अनुसार अस्पताल निर्माणपछि थाइल्यान्डबाट मेडिकल उपकरण निःशुल्क रूपमा प्राप्त हुने सहमति भएको छ । 'भारतको सेरम इन्स्टिच्युटले भेनम बनाइदिने समझदारी भएको छ भने सर्पपालनका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा सहयोग गर्न विभिन्न निकायले प्रतिबद्धता जनाएको उहाँको भनाइ छ । तर संस्था स्थापना भएको आठ वर्ष बितिसक्दा पनि विभिन्न कारणले न्यूनतम संरचना समेत निर्माण हुन सकेको अवस्था छैन । हालसम्म सरकारबाट प्राप्त भएको रकम डीपीआर, जग्गा खरिद, अध्ययन अनुसन्धानमा खर्च भएको अध्यक्ष पन्तको भनाइ छ ।

-बाँकी पृष्ठ ३ मा







बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com